जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ७४ २०८३ साल असोज २९ गते बिहीबार (15 Oct 2026 Thursday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खुट्टीखोला सिँचाइ आयोजना... ३ पृष्ठमा : वैज्ञानिक अनुसन्धानमा एआईको... ३ पृष्ठमा : दशैमा मधेसमा ...

# तीन सदा परिवारका मुख्य व्यक्ति वेपत्ता भएपछी झुपडीमा छैन दशैको रौनक



सासुसँगै दोरोपती २ छोरी र १ छोराका साथमा



गुडिया देवी सदा



फायल तस्बिर : राजविराज दैनिक

१३ वर्षिय शुभाष र ७ वर्षिया निभा

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरी सदरमुकाम राजविराज वडा नं. १६ बोरिया टोलस्थित तीन सदा परिवारका घरको मुख्य व्यक्ति नै बाढीमा वेपत्ता भएपछी अहिले उनीहरु निकै कष्टपूर्ण जिवन बिताउन बाध्य छन् ।

परिवारको गुजारा चलाउने एक मात्र सहारा बाढीमा वेपत्ता भएपछि चिन्ता र आर्थिक अभावले छटपटाईरहेका १३ वर्षिय शुभाष र ७ वर्षिया निभा अभिभावकबिहीन भएका छन् । शुभाष र निमा दाजु बहिनीको दशै विगत दुई वर्षदेखी यस्तै दशाको रुपमा आउने गरेको छ ।

गत वर्ष दशै आउन करिब एक महिना आउन बाँकि रहदा भदौ १७ गते ३० वर्षिया आमा फुलिया देवी सदाको क्यान्सर रोगबाट मृत्यु भएको थियो । जसकारण दशै काजकिरिया र शोक मै वित्यो ।

संयोगवश यस पटक पनि रसुवामा आएको बाढीका कारण गत भदौं १० गते देखी उनका वुबा वेचन समेत वेपत्ता छन । वेपत्ता भएको बुधवार ४८ दिन पुगी सकेको छ । तर अझै बेचनको कुनै पत्तो लाग्न सकेको छैन ।

दुई कोठे झुपडीको घरमा वसिरहेका दाजु बहिनीसँग न त खान अन्न छ, न त किनेर खाने पैसा । आमा वुबा दुबैको छायाँ गुमेका वेला पैसा समेत नभएकाले दशै आएपनि खुशियाली नआएको दाजु/बहिनीले सुनाए । उनीहरुले अहिले साधारण खाना खान पनि घरमा अन्न र पैसा नभएको लाचारी सुनाए ।

शुभाष-निभा दाजु/बहिनी मात्र होइन, उनका छिमेकी ३१ वर्षिया दोरोपतीको अवस्था पनि उस्तै छ । अर्काको जग्गामा मासिक १ हजार भाडामा लिई झुपडी बनाएर वसिरहेकी उनी संग न त अन्न छ, न त किनेर खाने पैसा ।

नाबालक २ छोरी र १ छोराकी आमा दोरोपतीका श्रीमान सुरेन्द्र सदा पनि रसुवाकै भोटेकोशीमा आएका बाढी पछी गत भदौ १० गते देखी वेपत्ता छन ।

परिवार चलाउने एकमात्र सहारा नै सम्पर्कविहीन भएपछी वसेको जग्गाको भाडा तिर्न समस्या मात्र होइन, खाने अन्नको एक दानाको जोगाड गर्न पनि समस्या भएको छ ।

उनका छिमेकी गुडिया देवी सदाको पीडा पनि कम छैन । उनका श्रीमान शिव कुमार पनि नुवाकोटको किस्यांग गाउँपालिका ५ स्थित त्रिशुली श्री वि जलविद्युत आयोजनामा कामदारका रुपमा कार्यरत थिए । भदौ १० गतेको बाढीले उनका श्रीमानलाई पनि वेपत्ता बनाएको छ ।

श्रीमान वेपत्ता भएपछि कहिले छरछिमेकी, कहिले जनप्रतिनिधी त कहिले सर्वसाधारणसँग मागेर भएपनि ४ नाबालक सन्तानको पेट पाल्दै आएको गुडियाले सुनाईन ।

## जंगली हात्ती मृत फेला

**दैनिक समाचारदाता**
**उदयपुर, २८ असोज ।**

उदयपुरको बेलका नगरपालिका १ स्थित धानखेतमा वयस्क जंगली भाले हात्ती मृतावस्थामा फेला परेको छ ।

एक वर्षभन्दा बढी समयदेखि आरक्ष क्षेत्रमा बस्दै आएका 'सानो दारे' नामले चिनिने करिब २०-२५ वर्षे हात्ती धानखेतमा मंगलबार मृतावस्थामा भेटिएको हो ।

कोशीटप्पु वन्यजन्तु आरक्षबाट करिब एक किलोमिटर दूरीमा रहेको धानखेतमा जङ्गली हात्ती मृत भेटिएको डिभिजन वन कार्यालय उदयपुरका प्रमुख गजेन्द्र श्रेष्ठले जानकारी दिएका छन् ।

कोशी टप्पुवन्य जन्तु आरक्षबाट पोस्टमार्टम रिर्पोट आएपछि हात्तीको मृत्युको वास्तविक कारण पत्ता लाग्ने उनले बताए ।

## रास्वपाका सुरुङ्गा नगर सभापति पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका सप्तरीको सुरूङ्गा नगरपालिका सभापति साविर हुसेन लागूऔषध मुद्दामा पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय लहानको टोलीले हुसेनलाई सुरूङ्गा नगरपालिका ४ कदमाहा बजारस्थित पार्टी कार्यालयबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार २०८१ मंसिर २९ गते धनगढीमाई नगरपालिका १० जिरोमाइलस्थित पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनापछि कारबाट एक क्विन्टल ३० किलो गाँजा बरामद भएको थियो ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.३ ख ७५९१ नम्बरको ट्रकले उत्तरतर्फबाट राजमार्ग पार गर्दै गरेको बा.८ च ९९६३ नम्बरको कारलाई ठक्कर दिएको थियो । दुर्घटनापछि कारमा खानतलासी गर्दा पाँचवटा पोकामा राखिएको गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

घटनापछि प्रहरीले कार, ट्रक र ट्रकका चालकलाई नियन्त्रणमा लिएको थियो भने कारका चालक फरार भएका थिए । सोही घटनासम्बन्धी लागूऔषध मुद्दामा हुसेन पक्राउ परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले लागूऔषध मुद्दामा फरार रहेका हुसेन पक्राउ परेको पुष्टि गरेका छन् ।

**चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा वढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अधुरा कार्य सम्पन्न गराउनेतर्फ सम्बन्धित निकाय अग्रसरता देखाउ

सप्तरी जिल्लामा लामो समयदेखी अधुरा विकायसीय कार्यहरु सम्पन्न गराउनेतर्फ सम्बन्धित निकायले अग्रसरता देखाउनु जररी छ । जिल्लाको विभिन्न सडक, नाला, भौतिक संरचना लगायतका कार्यहरु अहिले पनि अधुरै रहेको छ । जिल्लाको रुपनी राजविराज सडकखण्ड, हनुमाननगर राजविराज सडकखण्ड, छिन्नमस्ता राजविराज सडकखण्ड, राजविराजस्थित कोल्ड स्टोर, राजविराजस्थित विभिनन वडाका सडक र नाला जस्ता कार्यहरु विगत पाँच वर्षदेखी अधुरो अवस्थामा रहेको छ । ती अधुरा विकासीय कार्यहरुलाई सम्पन्न गराउनेतर्फ जनप्रतिनिधिहरुले पनि तदारुकता देखाउनु जरुरी छ ।

स्थानिय पालिकाहरुले विभिन्न योजना तथा विकासीय कार्यहरु हालसम्म पनि सम्पन्न गराउन नसक्दा जनताहरुले सास्ती व्हाेर्नु परिरहेको छ । त्यस्ता कार्यहरुलाई आगामी दिनमा सम्पन्न गराउनेतर्फ जनप्रतिनिधिहरु गम्भिर हुनु आवश्यक छ भने जनताले पनि निगरानी बढाउनु पनि उत्तिकै आवश्यक छ ।

तसर्थ यसका लागि स्थानियले पनि खबरदारी गरेर विकासीय कार्यप्रति चनाखो हुनु आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# खुट्टीखोला सिँचाइ आयोजना: हेडवर्क्स बन्यो, खेतमा पुगेन पानी

**सुदिप राउत**
सिरहा, २८ असोज (रासस) ।

सिरहाको लहान नगरपालिका-११ का किसान घुरन साहले यस वर्ष समयमै धान रोप्नुभयो तर रोपाइँ सकिएसँगै सुरु भएको सिँचाइको चिन्ता भने उस्तै छ ।

खेतनजिकै करोडौँ खर्चेर खुट्टीखोला सिँचाइ आयोजनाको संरचना बनेको छ, तर त्यसको हेडवर्क्सबाट पानी खेतसम्म पुग्न सकेको छैन । सिँचाइको सुविधा दिने उद्देश्यले निर्माण गरिएको आयोजना उपयोगविहीन हुँदा साहजस्ता किसान अझै आकाशबाट पानी झर्ने प्रतीक्षामा खेती गर्न बाध्य छन् ।

"करोडौँको लगानीमा हेडवर्क्स बन्यो, लाखौँ खर्चेर नहर पनि सफा गरियो तर वर्षायाममा हेडवर्क्सको गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा राम्रोसँग बगेन । बरु नहरमा जमेको पानी खोलातिरै फर्किने अवस्था देखियो", साहले भन्नुभयो, "नहर भएर पनि बाली सुक्ने चिन्ता हटेको छैन ।"

किसानको खेतमा पानी पुर्‍याउने उद्देश्यले निर्माण गरिएको हेडवर्क्स सम्पन्न भएको करिब पाँच वर्ष पुग्न लाग्दा पनि आयोजना सञ्चालनमा आउन सकेको छैन ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ साल मङ्सिर १७ गते रु आठ करोड ५६ लाख ७२ हजार ४४२ मा हेडवर्क्स निर्माणको सम्झौता गरेको थियो । निर्माण कम्पनीलाई रु आठ करोड ६८ लाख ९३ हजार ९६२ भुक्तानी भएको छ । तत्कालीन लहान नगरप्रमुख मुनि साहले २०७८ कात्तिक २२ गते यसको शिलान्यास गर्नुभएको थियो ।

वर्षायाममा उपलब्ध पानीलाई हेडवर्क्समा जम्मा गरी मुख्य नहरमार्फत कृषि क्षेत्रमा सिँचाइ पुर्‍याउने आयोजनाको परिकल्पना थियो । मड्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी उपलब्ध हुने अपेक्षा गरिएको थियो तर संरचना निर्माण भए पनि पानी किसानको खेतसम्म पुग्न सकेको छैन ।

**डिजाइनमै प्रश्न, सञ्चालनको सुनिश्चितता खोइ ?**

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा खुट्टीखोला सिँचाइ आयोजनाको हेडवर्क्सको निर्माण र सञ्चालन सुनिश्चिततामाथि प्रश्न उठाएको छ । प्रतिवेदनले हेडवर्क्सको डिजाइन तथा निर्माणमा प्राविधिक समस्या औँल्याउँदै संरचनाबाट पानी सङ्कलन गरी नहरमा वितरण गर्न सकिने अवस्थाबारे स्पष्टता खोजेको छ ।

प्रतिवेदनमा भनिएको छ, "योजनाको स्थलगत निरीक्षण गर्दा खोलामा पानी बग्ने सतहभन्दा हेडवर्क्स उच्च स्थानमा निर्माण भएको छ । यसबाट डिजाइन सुधार तथा थप निर्माण नगरी हेडवर्क्समा पानी जम्मा गरी वितरण हुन सक्ने देखिएन ।"

यो प्रश्न आयोजनाको आधारभूत प्राविधिक पक्षसँग सम्बन्धित छ । वास्तविक कारण पहिचान गर्न स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डिपिआर), निर्माण सम्पन्न संरचनाको उचाइ, खोलाको पानीको सतह र नहरको लेभलबीच तुलनात्मक प्राविधिक परीक्षण आवश्यक देखिन्छ ।

पूर्वनगरप्रमुख मुनि साह भने हेडवर्क्सबाट पानी नजाने भन्ने निष्कर्षसँग सहमत हुनुहुन्न । उहाँले निर्माणअघि नै बालुवाका बोरा राखेर पानीको बहाव परीक्षण गरिएको र त्यसपछि डिपिआर तयार गरिएको दाबी गर्नुभयो । "नहरमा पानी गइसकेपछि मात्र सोहीअनुरूप डिपिआर बनाइएको हो । निर्माणअघि प्राविधिक परीक्षण गरिएकाले पानी नजाने कुनै कारण नै छैन," उहाँले भन्नुभयो ।

**नहरमा ढल, फोहोर र अतिक्रमण**

सिँचाइ कार्यालय सिरहाले गरेको पछिल्लो स्थलगत निरीक्षणले खुट्टीखोला सिँचाइ आयोजनाको समस्या हेडवर्क्समा मात्र सीमित नरहेको देखाएको छ । कार्यालयको प्रतिवेदनअनुसार मुख्य नहरमा सहरी ढल तथा फोहोर मिसिने, माटो र गेग्रान थुप्रिने, दुवैतर्फ सडक निर्माण हुने तथा अतिक्रमणका कारण नहरको चौडाइ घट्ने समस्या छन् ।

कार्यालय प्रमुख सुमनकुमार झाले नहरमा रहेका अवरोध हटाएर आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति र ढल व्यवस्थापन गर्न सके पानी सहज रूपमा सञ्चालन गर्न सकिने बताउनुभयो । "नहरमा रहेका अवरोध हटाउने, आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति गर्ने र ढल व्यवस्थापनको काम गर्न सके नहरमा पानी सहज रूपमा सञ्चालन गर्न सकिन्छ", झाले भन्नुभयो, "आयोजनाको समस्या समाधानका लागि आवश्यक सुधार तथा स्तरोन्नतिसहितको विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा

*बाँकी तीन पृष्ठमा*


हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

## *खुट्टीखोला सिँचाइ ...*

खानेपानी मन्त्रालयमा पेस गरेका छौँ ।”

झाका अनुसार हेड रेगुलेटरबाट करिब ४०० मिटरको दूरीमा रहेको मन्दिर र त्यहाँको पानी बाँड्ने संरचनाले मुख्य तथा शाखा नहरमा पानीको समुचित प्रवाहमा बाधा पुऱ्याएको छ । मुख्य नहर चार हजार ९०० मिटर र शाखा नहर एक हजार ७१० मिटर लामो छ ।

हेडवर्क्स निर्माण सम्पन्न भएको करिब चार वर्षपछि गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेश सरकारले नहर सफाइका लागि रु १५ लाख बजेट विनियोजन गरेको थियो । त्यसमध्ये रु सात लाख ९० हजार २४५ मा शिवम् कन्स्ट्रक्सनलाई सफाइको जिम्मा दिइएको कार्यालयले जनाएको छ तर सफाइपछि पनि अपेक्षाअनुसार नहरमा पानी सञ्चालन हुन सकेन ।

स्थानीय देवराज पोखरेलले नहर गहिरो बनाएर सफाइ गर्दा छेउको बाटो धसिन थालेको, बोटबिरुवामा क्षति पुगेको र विद्युत्का पोल पनि जोखिममा परेको बताउनुभयो । “हेडवर्क्स निर्माण सुरु गर्दादेखि नै प्राविधिक पक्षमा ध्यान दिन आग्रह गरेका थियौँ । तर सुनुवाइ भएन,” उहाँले भन्नुभयो, “करोडौँ खर्च भएको आयोजनाको प्राविधिक र आर्थिक पक्षको छानबिन हुनुपर्छ ।”

कार्यालयका इन्जिनियर सञ्जीवकुमार यादवका अनुसार नहरका केही स्थानमा ९० सेन्टिमिटरसम्म माटो जमेको छ । “माटो हटाएपछि दक्षिणी नहरमा पानी जाने अवस्था देखिन्छ । पश्चिमी नहरमा भने थप संरचनागत समस्या छन्,” उहाँले भन्नुभयो ।

**प्राविधिक समस्या कि व्यवस्थापनको कमजोरी ?**

आयोजनाको समस्या प्राविधिक पक्षसँगै सहरी ढल व्यवस्थापन र स्थानीय तहबीचको समन्वयसँग पनि जोडिएको छ । लहान नगरपालिकाका प्रमुख महेश चौधरीले बजारको फोहोर व्यवस्थापन र पश्चिमी नहरबाट किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले भूमिगत नाला प्रणालीको योजना अघि बढाइएको बताउनुभयो । करिब रु आठ करोडको उक्त योजना जस लिने र जस पाउने विषयमा भएको राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको उहाँको भनाइ छ ।

“विरोधका कारण काम हुन सकेन र किसानले सिँचाइ पाएनन्”, उहाँले भन्नुभयो, “हेडवर्क्स बनाउने कार्यालयले नै पूर्ण जिम्मेवारी लिएर किसानको खेतमा पानी पुऱ्याउनुपर्छ ।” यसअघि नहरलाई सिँचाइ प्रयोजनमै सञ्चालन गर्नुपर्ने माग गर्दै किसानले विरोध गरेका थिए । खुट्टीखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज चौधरीले सिँचाइका लागि पटक-पटक पहल र आन्दोलन गरे पनि ठोस प्रगति नभएको बताउनुभयो ।

जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहाका सचिव रवीन्द्रकुमार श्रेष्ठले नहर सुधारका नाममा थप बजेट खर्च गर्नुअघि पानीको स्रोत, प्राविधिक डिजाइन र लक्षित क्षेत्रमा दिगो सिँचाइ सम्भव छ कि छैन भन्ने वैज्ञानिक अध्ययन गर्नुपर्ने बताउनुभयो ।

“पटक-पटक सुधार र बजेट विनियोजन भए पनि अपेक्षित परिणाम आएको छैन । अब थप लगानी गर्नुअघि नहरको वास्तविक सम्भाव्यता र करिब एक हजार बिघा जमिनमा दिगो सिँचाइ गर्न सकिने-नसकिनेबारे अध्ययन हुनुपर्छ,” उहाँले भन्नुभयो ।

**सुधारका लागि १२ करोड ४३ लाख माग**

सिँचाइ कार्यालय सिरहाले यही असोज ८ गते आयोजनाको वर्तमान अवस्था, समस्या, संरक्षण, सुधार तथा स्तरोन्नतिसम्बन्धी विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरेको छ ।

कार्यालय प्रमुख झाका अनुसार नहरको मर्मतसम्भार, संरचना सुधार तथा स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत रु १२ करोड ४३ लाख दुई हजार बजेट व्यवस्थापन गर्न मन्त्रालयसँग आग्रह गरिएको छ ।

कार्यालयको प्रस्तावमा नहरभित्र र आसपासका अवरोध हटाउने, अतिक्रमण नियन्त्रण गर्ने, माटो तथा सेडिमेन्ट सफा गर्ने, आवश्यक स्थानमा नहरको पुनःआकार निर्धारण गर्ने र जीर्ण संरचना सुधार तथा पुनर्निर्माण गर्ने विषय समेटिएका छन् । सहरी ढल व्यवस्थापनलाई पनि सँगसँगै अघि बढाउनुपर्ने कार्यालयको भनाइ छ ।

कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर मो इनुस राईनका अनुसार आयोजनाको कुल कमाण्ड क्षेत्र ९६४ हेक्टर छ । त्यसमध्ये करिब ६०० हेक्टर खेतीयोग्य क्षेत्र रहेको छ । करिब सात हजार घरधुरीका ३५ हजार जनसङ्ख्या लाभान्वित हुने लक्ष्य राखिएको आयोजना पूर्ण क्षमतामा सञ्चालन हुँदा कृषि उत्पादनमा २०० प्रतिशतसम्म वृद्धि गर्ने लक्ष्य लिएको छ ।

स्थानीय समेत रहेका इन्जिनियर वीरेन्द्र महतोका अनुसार खुट्टीखोला सिँचाइ आयोजनाको दीर्घकालीन समाधानका लागि थप बजेट विनियोजन मात्र पर्याप्त हुँदैन । हेडवर्क्सको प्राविधिक परीक्षण, नहरको लेभल सुधार, ढल व्यवस्थापन र पानीको उपलब्धता यकिन गरी समस्याको प्राविधिक समाधान खोज्न आवश्यक छ । उहाँले भन्नुभयो, “आयोजनाको वास्तविक समस्या पहिचान गरी जिम्मेवारी स्पष्ट गर्नुपर्छ । थप बजेट खर्च गर्नुअघि हेडवर्क्सदेखि नहरको अन्तिम बिन्दुसम्म प्राविधिक अध्ययन गरेर खेतसम्म पानी पुग्ने सुनिश्चित कार्ययोजना बनाउनुपर्छ ।”

समस्या पहिचान र समाधानका लागि ठोस पहल नभए ठूलो बजेट खर्चेर निर्माण गरिएको खुट्टीखोला सिँचाइ आयोजना किसानका खेतमा पानी पुऱ्याउन नसक्ने संरचनामै सीमित रहने जोखिम कायमै रहेको महतोको भनाइ छ ।


# हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

अध्यक्ष, तथा

समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.

संचालक समिति परिवार

राजविराज ८, सप्तरी



# हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**

अध्यक्ष

तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड

संचालक समिति परिवार

राजविराज ९, मलेठ, सप्तरी


# विश्व समाचार

## वैज्ञानिक अनुसन्धानमा एआईको प्रयोग विस्तार गर्दै गुगल, २०० अनुसन्धानकर्ता लाभान्वित हुने

डब्लिन, २८ असोज (रासस/सिन्ह्वा) ।

अमेरिकी प्रविधि कम्पनी गुगलले युरोपका २०० जना अनुसन्धानकर्तालाई आफ्ना सबैभन्दा उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) मोडेल तथा वैज्ञानिक उपकरणमा पहुँच उपलब्ध गराउने घोषणा गरेको छ । यस पहलले युरोपमा वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्रविधिगत प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।

डब्लिनमा आयोजित कृत्रिम बुद्धिमत्तासम्बन्धी शिखर सम्मेलनका क्रममा बुधबार जारी विज्ञप्तिमा गुगलले अनुसन्धान टोलीलाई आवश्यक कम्प्युटिङ क्षमता र अत्याधुनिक उपकरणहरू प्रत्यक्ष रूपमा उपलब्ध गराएर वैज्ञानिक अनुसन्धानको गति तीव्र बनाउने उद्देश्य रहेको जनाएको छ । युरोपेली आयोगको ‘युरोपमा एआई विज्ञानका लागि स्रोत’ योजनाअन्तर्गत छनोट भएका अनुसन्धानकर्ताहरूले गुगल डिपमाइन्ड र गुगल क्लाउडका विभिन्न उन्नत वैज्ञानिक प्रविधिमा पहुँच पाउनेछन् । ती प्रविधिमा अल्फाफोल्ड-३, वेदरनेक्स्ट, अल्फाजेनोम, अल्फाइभोल्भ र अल्फाअर्थ फाउन्डेसन्स समावेश छन् ।

यीमध्ये अल्फाफोल्ड-३ प्रोटिन तथा जैविक अणुहरूको संरचना र अन्तरक्रियासम्बन्धी अनुसन्धानका लागि उपयोगी छ । यसले वैज्ञानिकहरूलाई जैविक प्रक्रियाहरू बुझ्न तथा औषधि विकाससम्बन्धी अनुसन्धान अघि बढाउन सहयोग पुर्‍याउन सक्छ । त्यसैगरी, वेदरनेक्स्ट मौसमसम्बन्धी पूर्वानुमानका लागि विकसित गरिएको प्रविधि हो । अन्य उपकरणहरूले जीन तथा जैविक प्रणालीको अध्ययन, वैज्ञानिक समस्याको समाधान खोज्ने प्रक्रिया र पृथ्वीसम्बन्धी विभिन्न विषयको अनुसन्धानमा सहयोग पुर्‍याउनेछन् । यी प्रविधिको प्रयोगबाट अनुसन्धानकर्ताले ठूलो मात्रामा उपलब्ध वैज्ञानिक तथ्याङ्कको विश्लेषण गर्न तथा जटिल समस्याको अध्ययनलाई थप प्रभावकारी बनाउन सक्ने अपेक्षा गरिएको छ ।

गुगलका अनुसार, अनुसन्धान टोलीलाई आवश्यक कम्प्युटिङ स्रोत र उन्नत उपकरण उपलब्ध गराउनु युरोपको वैज्ञानिक क्षमता सुदृढ गर्ने तथा विश्वव्यापी अनुसन्धानमा महादेशको प्रतिस्पर्धात्मक स्थिति मजबुत बनाउने प्रयासको हिस्सा हो ।

यसैबीच, कृत्रिम बुद्धिमत्ताको तीव्र विकाससँगै यसको प्रयोगलाई नियमन गर्नुपर्ने माग पनि बढिरहेको छ । पछिल्लो समय सार्वजनिक भएका विभिन्न सुरक्षा घटनाले यस प्रविधिको सुरक्षित तथा जिम्मेवार प्रयोगबारे थप चासो उत्पन्न गरेका छन् । यस्तो अवस्थामा वैज्ञानिक अनुसन्धानमा कृत्रिम बुद्धिमत्ताको पहुँच विस्तार गर्नुका साथै यसको सुरक्षित प्रयोग सुनिश्चित गर्नु पनि महत्त्वपूर्ण मानिएको छ ।

## कङ्गोमा इबोलाबाट ४ हजारभन्दा बढीको मृत्यु

किन्शासा, २८ असोज (रासस/सिन्ह्वा) ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी) मा इबोला सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या चार हजार ३८१ पुगेको छ । गत मे १५ मा प्रकोप घोषणा गरिएयता नौ हजारभन्दा बढीमा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । मङ्गलबार सार्वजनिक पछिल्लो विवरणअनुसार सङ्क्रमितको कुल सङ्ख्या नौ हजार ६६ पुगेको छ । सङ्क्रमितमध्ये मृत्यु हुनेको अनुपात ४८.३ प्रतिशत रहेको छ ।

बुन्डिबुग्यो इबोला भाइरसका कारण फैलिएको प्रकोपले देशका सात प्रान्तका ६५ स्वास्थ्य क्षेत्रलाई प्रभावित पारेको छ । पूर्वी प्रान्त इटुरी यस प्रकोपको प्रमुख केन्द्र बनेको छ र यहाँ कुल सङ्क्रमितमध्ये ७० प्रतिशतभन्दा बढी भेटिएका छन् । यस भाइरसविरुद्ध अहिलेसम्म विशेष रूपमा स्वीकृत खोप वा उपचार उपलब्ध छैन । यद्यपि, यसको उपचारका लागि चिकित्सकीय परीक्षण भइरहेको छ । सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको महामारीपछि यो प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा देखिएको सबैभन्दा ठूलो र घातक इबोला प्रकोप हो । विश्वव्यापी रूपमा भने यो दोस्रो ठूलो इबोला प्रकोप बनेको छ ।

## मानवअधिकार परिषद् सदस्यमा नेपालसहित १५ राष्ट्र निर्वाचित

न्युयोर्क, २८ असोज (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले नेपालसहित १५ राष्ट्रलाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को सदस्यमा निर्वाचित गरेको छ । मङ्गलबार गोप्य मतदानबाट चयन भएका सदस्य राष्ट्रले सन् २०२७ जनवरी १ देखि तीन वर्षे कार्यकाल सम्हाल्नेछन् ।

निर्वाचित राष्ट्रमध्ये अफ्रिकी समूहबाट बुरुन्डी, घाना, नाइजेरिया र जाम्बिया तथा एसिया-प्रशान्त समूहबाट जापान, जोर्डन, कुवेत र नेपाल छन् । त्यसैगरी, पूर्वी युरोपेली समूहबाट माल्दोभा र युक्रेन, ल्याटिन अमेरिका तथा क्यारिबियन समूहबाट ब्राजिल, डोमिनिकन रिपब्लिक र उरुग्वे तथा पश्चिमी युरोपेली र अन्य राष्ट्रको समूहबाट जर्मनी र आयरल्यान्ड निर्वाचित भएका छन् ।

यस वर्ष सबै १५ उम्मेदवार निर्विरोध निर्वाचित भएका हुन् । बुरुन्डी, घाना, जापान, कुवेत, ब्राजिल र डोमिनिकन रिपब्लिक परिषद्मा पुनः निर्वाचित भएका छन् ।

जेनेभामा मुख्यालय रहेको मानवअधिकार परिषद् विश्वभर मानवअधिकारको प्रवर्द्धन र संरक्षणका लागि जिम्मेवार अन्तरसरकारी निकाय हो । परिषद्मा ४७ सदस्य राष्ट्र रहने व्यवस्था छ । सदस्यताको निरन्तरता सुनिश्चित गर्न प्रत्येक वर्ष करिब एकतिहाइ सदस्य परिवर्तन गरिन्छ र प्रत्येक सदस्यको कार्यकाल तीन वर्षको हुन्छ ।

भौगोलिक प्रतिनिधित्वमा सन्तुलन कायम गर्न परिषद्का ४७ सिट पाँच क्षेत्रीय समूहमा बाँडिएका छन् । अफ्रिकी राष्ट्रका लागि १३, एसिया-प्रशान्त राष्ट्रका लागि १३, पूर्वी युरोपेली राष्ट्रका लागि छ, ल्याटिन अमेरिका तथा क्यारिबियन राष्ट्रका लागि आठ र पश्चिमी युरोपेली तथा अन्य राष्ट्रका लागि सात सिट छुट्याइएको छ ।

# दशैमा मधेसमा हराउँदै ढोल बजाउने चलन

सप्तरी, २८ असोज (रासस)। तराई मधेसमा दसैँमा ढोल (नगरा) बजाउने चलन लोपोन्मुख हुँदै गएको छ। घरआँगनमा ढोल बजेपछि मात्र दसैँ आएजस्तो लाग्थ्यो। अहिले दसैँमा ढोल बजाउन छोडेपछि दसैँ आएको जस्तै लाग्दैन सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाकी ९५ वर्षीया जशोधिया चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, "दसैँको सुरुआतसँगै घटस्थापनाकै दिनदेखि टोलटोलका प्रत्येक घरआँगनमा ढोल बजेको आवाज सुनेपछि दसैँ आएको भित्रैबाट महसुस हुन्थ्यो। अहिले प्रत्येक वर्ष दसैँ त आउँछ तर ढोल बजाउन कोही आँउदैन। ढोल बज्दा जुन दसैँको आनन्द आउँथ्यो। अहिले त्यो आनन्द महसुस हुँदैन। दसैँ आएको जस्तै लाग्दैन उहाँले भन्नुभयो।"

दसैँ सुरु हुनुअघि नै घरआँगन सफा गरेर लिपपोत गरिन्थ्यो। घटस्थापनाको दिनदेखि नै एकाबिहान ढोल बोकेर राम (चमार) समुदायका व्यक्ति घर आउने र आँगनमा चारपाँच फन्को लगाएर ढोल बजाएको दृश्यले भित्रैबाट दसैँको खुसीयाली महसुस गराएपछि छुट्टै आनन्द लाग्ने गरेको उहाँले बताउनुभयो।

विसं २०६२/६३ को मधेस आन्दोलनले पहिचानसहितको अधिकार सुनिश्चित गरेसँगै दसैँमा अनिवार्य ढोल बजाउने प्रथा दिनप्रतिदिन हराउँदै गएको हो। तराई मधेसमा राम (चमार) समुदायले ढोल बजाउँदै आए पनि त्यहीँ आन्दोलनपछि यो पेसालाई तल्लो दर्जा महसुस गरी सामूहिक रूपमा ढोल बजाउन छाडेपछि घरआँगनमा ढोल बजाउने परम्परा हराउँदै गएको राजविराज नगरपालिका-१३ का ७० वर्षीय सुखिया रामले बताउनुभयो।

विजयादशमी अर्थात् दसैँको अन्तिम दिन ढोल बजाउने ढोलहालाई घरधनीले पैसा, चापल, लुगा जेजे सकिन्छ दिने चलन रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले पनि अष्टमी, नवमी र दशमीको दिन कतैकतै मन्दिरमा ढोल बजाउने चलन अझै कायम छ। समुदायमा गएर घरआँगनमा ढोल बजाउन छाडेपछि चमार समुदायको पेसा सङ्कटमा परेको छ। दसैँमा एक दिनमा २०० घरमा ढोल बजाउँदा त्यतिबेला डेढदेखि दुई लाख आम्दानी हुँदा एक वर्षसम्म घर गृहस्थी चलाउन थप सहयोग हुने गरेको थियो। हाम्रो जातजातिको धनी परिवारलाई यसले असर नपारे पनि दसैँमा ढोल बजाउने ढोलहाको परिवारलाई आर्थिक रूपमा सङ्कट परेको राजविराज नगरपालिका-१ की ८० वर्षीया जशोधियादेवी रामले बताउनुभयो।

उहाँले भन्नुभयो, "ढोल बजाउन रोक लागेपछि धनी परिवारलाई समस्या नभए पनि विपन्न परिवारलाई अत्यधिक समस्या हुँदै आएको छ। हाम्रो परम्परादेखिको संस्कृति र पहिचानसमेत लोप हुँदै गएको उहाँले बताउनुभयो।

यसैबीच जिल्लाको छिन्नमस्ता गाउँपालिकाका शिवु राम दुई दशकदेखि लोप हुँदै आएको परम्परा निरन्तरता दिन गत वर्षदखि दसैँका अवसरमा दिनहुँ बस्तीमा भएको प्रत्येक घरमा गएर ढोल बजाउँदै आउनुभएको छ। दसैँमा दुई दशकदेखि ढोल बजेको नदेखेपछि हाम्रो परम्परा र संस्कृति लोप हुन थालेको महसुस गरेर वडाध्यक्षको अनुमति लिएर ढोल बजाउन थालेको उहाँले बताउनुभयो। दुई दशकपछि छिन्नमस्ता गाउँपालिकमा ढोल बजाएको हेर्न पाउँदा पुरानो दसैँ ताजगी भएको महसुस भएको स्थानीयवासीको भनाइ छ।

# देशभर १७ हजार ८२ व्यवसायी दर्ता

काठमाडौँ, २८ असोज (रासस)। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा देशभर १७ हजार ८२ व्यवसायी दर्ता भएका छन्।

परिषदले पशुपालन गर्ने किसानलाई लक्षित गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय थप व्यवस्थित र मर्यादित बनाउन व्यवसायीलाई दर्ता अनिवार्य गरेको हो। दर्ता नभई व्यवसाय सञ्चालन गरेमा व्यवसायीलाई रु ५० हजार जरिवाना वा छ महिना कैद तथा दुवै सजाय परिषद्ले गर्नेछ।

सरकारले तोकेको मापदण्डअनुसार प्रक्रिया पूरा गरेका व्यवसायीलाई अनुमति दिइएको रजिष्ट्रार जनकबहादुर रावलले जानकारी दिनुभयो। गत वर्षको तुलनामा करिब सात हजार व्यवसायीलाई इजाजत प्रदान गरिएको छ। अहिलेसम्म व्यवसायीका कागजातको अध्ययन गरी मापदण्ड पूरा गरेका व्यवसायीलाई अनुमति प्रदान गरिएको जनाइएको छ।

परिषद्ले पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञसम्मका जनशक्तिलाई दर्ता र नियमन गर्दै आएको छ।

पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रमा कार्यरत सम्पूर्ण जनशक्तिजस्तै पशुपन्छी, मत्स्य र दुग्ध विज्ञानसम्बन्धीका जनशक्ति परिषद्मा दर्ता हुने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने व्यवस्था छ।

परिषद्ले दर्ता नभएका व्यवसायीलाई परीक्षा लिएर दर्ता गर्ने, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको दर्ता र नियमन गर्ने, राष्ट्रियस्तरको मापदण्ड तयार गरी कार्यान्वयन गराउने, व्यवसायीलाई अनुगमन गर्ने, मापदण्ड पालना नगर्ने व्यवसायीको दर्ता खारेज गर्ने, व्यवसायीको एकीकृत अभिलेख सङ्कलन तथा अद्यावधिक गर्ने, व्यवसायीलाई तालिमको व्यवस्था गर्ने जनाएको छ।

विसं २०७९ असोज २३ गतेदेखि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन जारी भएको थियो। सो ऐनअन्तर्गत २०८० साल कात्तिक १६ गते मन्त्रिपरिषद् बैठकले परिषद् गठन गरेको हो। ऐनको परिधिभित्र रहेर प्रदेश कानुन बनाउने र सो कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने प्रावधान ऐनमा राखिएको छ। प्रदेश कानुन नबनेसम्म त्यसले गर्ने सम्पूर्ण काम पनि परिषद्ले गर्ने व्यवस्था ऐनमा उल्लेख छ।

पशुपालन गर्ने किसानलाई गुणस्तरीय सेवा उपलब्ध गराउन सम्बन्धित व्यवसायीलाई लिखित र मौखिक परीक्षा लिने तयारी गरिएको रजिष्ट्रार रावलले जानकारी दिनुभयो। शिक्षण संस्थाको मापदण्ड तोक्ने तथा व्यवसायी र शिक्षण संस्थाको पाठ्यक्रम विकासमा सहजीकरण गर्ने र व्यवसायीको कारोबार तथा अनुभवका आधारमा 'क' देखि 'घ' श्रेणीको स्तर तोक्ने परिषद्को तयारी छ।

# नौ महिनामा थपिए ८० जना एचआइभी संक्रमित

चितवन, २८ असोज (रासस)। जिल्लामा गत नौ महिनामा ८० जना नयाँ एचआइभी एड्स सङ्क्रमित थपिएका छन्। सन् २०२६ को जनवरीदेखि हालसम्म जोखिममा रहेको समूहमा गरिएको परीक्षणका क्रममा उनीहरूमा सङ्क्रमण देखिएको हो।

भरतपुर अस्पतालमा रहेको एड्स हेल्थ फाउन्डेसनले २२३ जनामा गरेको परीक्षणका क्रममा उनीहरूमा रोगको सङ्क्रमण देखिएको हो। यस अवधिमा नयाँ भेटिएका सङ्क्रमितसहित ९१ जना नयाँ बिरामीले एड्सविरुद्धको औषधि सेवन गर्न थालेका छन्। ११ जना जिल्ला बाहिरबाट आएका हुन्। योसँगै अहिले फाउन्डेसनबाट एआरटी औषधि सेवन गर्ने एक हजार २९३ जना बिरामी पुगेका छन्।

अस्पतालका फिजिसियन डा प्रमोद पौडेलका अनुसार सङ्क्रमितहरूमा गरिएको यौन रोग परीक्षणका क्रममा ५२ जनामा यौन रोगको समेत सङ्क्रमण देखिएको छ। एक हजार १६१ जनाको परीक्षणका क्रममा उनीहरूमा यौन रोग देखिएको हो। सङ्क्रमण देखिएकाहरूको उपचार गरिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पछिल्लो समय सरकारी तवरबाट कण्डम उपलब्ध हुन नसक्दा बिनासावधानी यौन सम्पर्क गर्ने ती समूहमा यौन रोग तथा भिरिङ्गी देखिएको हो।"

यस्तै एड्स सङ्क्रमितहरूमा क्षयरोगको समस्या पनि देखिने गरेको उहाँले बताउनुभयो। एक सय ४८ जनाको खकार परीक्षणका क्रममा १५ जनामा क्षयरोग देखिएको उहाँले बताउनुभयो। जनवरीदेखि हालसम्म नियमित औषधि खाइरहेकामध्ये तीन जनाले औषधि सेवन गर्न छाडेको र सम्पर्कमा पनी नआएको फाउन्डेसनले जनाएको छ।

फाउन्डेसनका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाका अनुसार सो समयमा औषधि लिन आउने, गरिब, वृद्ध तथा एकल महिलामध्ये एक हजार २११ जनालाई यातायात, प्रयोगशाला, पोषण, औषधि र आकस्मिक सेवामा सहयोग प्रदान गरिएको छ। नियमित औषधि सेवन गरे सङ्क्रमणबाट जोगिन सकिने उहाँले बताउनुभयो।

# विद्युत् महसुलको पाँच प्रतिशत भ्याट हटाउन उज्यालो नेपालको हस्ताक्षर अभियान

काठमाडौँ, २८ असोज (रासस)। उज्यालो नेपाल पार्टीले विद्युत् महसुलमा लगाइएको पाँच प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन माग गर्दै हस्ताक्षर अभियान पुनःसञ्चालन गरेको छ।

पार्टीले गत भदौ १ गतेदेखि सुरु गरेको हस्ताक्षर अभियान रसुवामा गत भदौ १० गते आएको विनाशकारी बाढीका कारण स्थगित भएको थियो।

पार्टीका सचिव केदार खड्काले नागरिकको उत्साहपूर्ण सहभागितामा अघि बढिरहेको अभियानलाई निरन्तरता दिन पार्टीले पुनःसञ्चालन गर्ने निर्णय गरेको बताउनुभयो।

पार्टीले आफ्ना सम्पूर्ण प्रदेश, जिल्ला, पालिका तथा वडा तहका नेतृत्व, नेता र कार्यकर्तालाई आ-आफ्नो क्षेत्रमा अभियान तत्काल पुनःसुरु गर्न आह्वान गरेको छ।


नेपाल सरकार

भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — फोन नः ०३१-५२००४५

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि प्रशासन कार्यालय, राजविराज**

सप्तरी

पत्र संख्या :

चलानी नम्बर 2368

प्राप्त पत्र संख्या र मिति :

मिति : २०८२।६।१५

विषय : ३५ दिने सार्वजनिक सुचना।

जिल्ला सप्तरी गा.वि.स./न.पा मलहनिया-१ हाल परिवर्तित [illegible] गा.पा./न.पा. वडा नं. ९ बस्ने [illegible] नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिम जग्गा नामसारी श्रेस्ता कायम [illegible] पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सुचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा निवेदक बाहेकको अंश आपुतिली परेको ऐलानी वा सार्वजनिक, टार, बंगर, गौचर, समसानघाट प्रति ईत्यादी भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफुसँग रहेको सबुद प्रमाण साथ लिई उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकका माँग बमोजिम भै जाने छ। पछि तपाईको उजुर लाग्ने छैन।

तपसिल

| न.पा./गा.वि.स.को नाम | वडा नं. | कि.नं. | क्षेत्रफल | साविक जग्गा धनी | कैफियत |
|---|---|---|---|---|---|
| परेवा | ६७ | 985 | 0-3-3 | [illegible] | [illegible] |
| " | " | 951/805 | 0-0-15 | " " | [illegible] |
| " | " | 151/806 | 0-0-13 | " " | [illegible] |


# दुर्गा पूजाका क्रममा करेन्ट लागेर चौधरीको निधन

**दैनिक समाचारदाता उदयपुर, २८ असोज।** दुर्गा पूजाका लागि विद्युत् लाइन जोड्ने क्रममा करेन्ट लागेर उदयपुरमा एक वृद्धको निधन भएको छ।

त्रियुगा नगपालिका १२ पुरानो गाइघाटस्थित ज्योति नगर टोलका ६५ वर्षीय बद्रीनारायण चौधरीको मंगलबार साँझ करेन्ट लागेर निधन भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक राजन चापागाईंका अनुसार करेन्ट लागेर गम्भीर घाइते भएका चौधरीलाई तत्काल उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल उदयपुर पुऱ्याइए पनि त्यसअघि नै उनको निधन भएको अस्पतालले घोषणा गरेको थियो।

# प्रधानमन्त्री राहत कोषमा पौने १८ अर्ब मौज्दात

काठमाडौँ, २८ असोज (रासस)। रसुवाको भोटेकोशी बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम अझै जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषका विभिन्न खातामा बुधबारसम्म मौज्दात रकम रू १७ अर्ब ७५ करोड ७५ लाख ३८ हजार २९३ पुगेको छ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौवटा वाणिज्य बैंकमा मैज्दात रु १३ अर्ब २३ करोड ११ लाख ५३ हजार ८९७ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको खातामा दुई करोड ९७ लाख ४७ हजार ५३२ अमेरिकी डलर पुगेको छ।


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर

**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*